केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/घ/४/०७४/७५

मिति: २०७४/०७/२१

"घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरु

महाशय,

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०१/२९ को निर्णयानुसार "भूकम्प पीडितहरुको घर निर्माणका लागि सामूहिक लगानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ स्वीकृत भएको र सो कार्यविधिमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०६/०४ को निर्णयानुसार संशोधन समेत भई नेपाल सरकार, अर्थ मन्त्रालयको मिति २०७४/०६/२५ को पत्रबाट कार्यान्वयनका लागि पत्राचार भईआएकोले यसै साथ संलग्न बमोजिमको संशोधन सहितको कार्यविधि कार्यन्वयनका लागि लागु गरिएको हुँदा सोही बमोजिम गर्नु गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

भवदीय,

(नारायणप्रसाद पौडेल)
कार्यकारी निर्देशक

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय।
२. श्री नेपाल राष्ट्र बैंक, डेपुटी गभर्नरको कार्यालय।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा, सिंहदरबार, काठमाडौं।
४. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग।
६. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा।

नेपाल सरकार
# अर्थ मन्त्रालय
(वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

गभर्नरको कार्यालय
च.नं.: ९२४१
मिति: २०७४।२।१६

पत्र संख्या:- वि.क्षे.व्य. २०७३/०७४
च. नं.:- ४९६

मिति : २०७४/०२/०४

विषय: कार्यान्वयन सम्बन्धमा ।

श्री नेपाल राष्ट्र बैंक,
बालुवाटार, काठमाडौं ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०१/२९ को निर्णयानुसार "भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४" स्वीकृत भएकाले स्वीकृत भएको उक्त कार्यविधिको प्रतिलिपि समेत यसैसाथ संलग्न राखी कार्यान्वयनका लागि पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(मनोज रेग्मी)
शाखा अधिकृत

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np

# भूकम्प पीडितहरूको घर निर्माणका लागि
# सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने
# कार्यविधि, २०७४

# भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४

नेपाल सरकारले जारी गरेको आ.व. २०७३/७४ को वजेट वक्तव्यको बुँदा नं २५ मा *"भूकम्प पीडितहरूको घर निर्माणका लागि थप रु. तीन लाख सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने"* व्यवस्था उल्लेख गरिएकोले उक्त व्यवस्थालाई कार्यान्वयन गर्नका लागि यो कार्यविधि बनाई लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिको प्रयोजनको लागि,

(क) "भूकम्प पीडित" भन्नाले नेपाल सरकारको सम्वन्धित निकायबाट भूकम्प पीडितको परिचयपत्र प्राप्त गरेको घर परिवारलाई सम्झनुपर्छ र सो शव्दले भूकम्पबाट प्रभावित भनि नेपाल सरकारको सम्वन्धित निकायबाट आधिकारिक रूपमा प्रमाणित भएका सरकारी कार्यालय, सामुदायिक अस्पताल, सामुदायिक विद्यालय, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक संरचना (गुम्बा, मठमन्दिर) लगायतका सार्वजनिक भौतिक संरचना समेतलाई जनाउँछ ।

(ख) "इजाजतपत्र प्राप्त 'क, ख, ग र घ' बर्गका बैंक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकवाट स्वीकृति प्राप्त 'क, ख, ग र घ' बर्गका बैंक तथा वित्तीय संस्थालाई सम्झनुपर्छ ।

(घ) "विपन्न वर्ग" भन्नाले न्यून आय भएका र खासगरी सामाजिक रूपमा तथा साना किसान, कालिगढ, मजदुर र भूमिहीन परिवारलाई सम्झनुपर्छ ।

(ङ) "समन्वय तथा अनुगमन समिति" भन्नाले दफा ५ अनुसार गठित समितिलाई सम्झनुपर्छ ।

३. **सर्त तथा व्यवस्थाहरूः** (१) इजाजतपत्रप्राप्त "क, ख, ग र घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरूले भूकम्प पीडितहरूको घर निर्माणका लागि थप रू. तीन लाख

सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने व्यवस्थाका लागि देहायका सर्त तथा व्यवस्थाहरूको पालना हुने गरी भूकम्पपीडितहरूलाई सामूहिक जमानीमा कर्जा प्रवाह गर्नुपर्नेछ :

(क) भूकम्पपीडितहरूलाई सामुहिक जमानीमा निर्ब्याजी रूपमा प्रवाह गरिने कर्जाको अधिकतम सीमा रु तीनलाख हुनेछ ।

(ख) यस्तो कर्जा ऋणी तथा निजको परिवारमा बस्न योग्य आवासीय घर नभएको एवं नेपाल सरकारले जारी गरेको भूकम्पपीडित परिचयपत्र भएको अवस्थामा मात्र उपलब्ध गराइने छ ।

(ग) बैंक वा वित्तीय संस्थाले उपर्युक्त बमोजिमको कर्जामा ऋणीसँग कुनै पनि प्रकारको ब्याज वा शुल्क लिन पाउने छैनन् ।

(घ) सामुहिक जमानीमा निर्ब्याजी रूपमा प्रवाह गरिने कर्जाको अनिवार्य रूपले कर्जा सुरक्षण निगम बाट सुरक्षण गरिएको हुनु पर्नेछ ।

(ङ) निर्ब्याजी रूपमा प्रदान गरिने कर्जाको भुक्तानी अवधि कम्तिमा ३ वर्ष र बढीमा ५ वर्षको हुनेछ ।

(छ) यस व्यवस्था अन्तर्गत प्रवाहित कर्जा विपन्न वर्गमा गणना गर्न सकिनेछ ।

(ज) बैंक वा वित्तीय संस्थाले सरल, सहज र छरितो ढंगले यस्तो कर्जा प्रवाह गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(झ) सामूहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने सम्वन्धमा जानकारी एवं गुनासो सुन्नका लागि सम्बन्धित बैंक वा वित्तीय संस्थाले छुट्टै सम्पर्क अधिकृत तोक्नुपर्नेछ ।

(ञ) यस्तो कर्जाको वर्गीकरण, नोक्सानी व्यवस्था, निरीक्षण तथा सुपरिवेक्षणसम्बन्धी व्यवस्था नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशनवमोजिम हुनेछ ।

४. **रकम जम्मा गर्ने:** (१) यस प्रयोजनका लागि देहाय अनुसार रकम जम्मा गरिने छ :

(क) ऋणीलाई निर्ब्याजी रूपमा प्रदान गरिने कर्जाको ब्याज, बीमा एवं सुरक्षण शुल्क भुक्तानी गर्नका लागि नेपाल सरकारले एक कोष खडा गरी नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालय थापाथलीमा रकम जम्मा गर्नेछ ।

(ख) बैंक वा वित्तीय संस्थाको सञ्चालन लागत (Operating Cost) मा दुई प्रतिशत विन्दु थप गरी ब्याजदर कायम गरिनेछ । यस्तो ब्याज रकम, बीमा वा सुरक्षण शुल्क बैंक वा वित्तीय संस्थावाट माग भई आएमा नेपाल राष्ट्र बैंक, बैंकिंग कार्यालयले त्रैमासिक रूपमा उक्त कोष खर्च गरी सम्वन्धित बैंक वा वित्तीय संस्थालाई उपलब्ध गराउनेछ ।

५. **समन्वय तथा अनुगमन:** (१) सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यको समन्वय तथा अनुगमन गर्न देहायबमोजिमको एउटा समन्वय तथा अनुगमन समिति गठन हुनेछ :

| | | | |
|---|---|---|---|
| (क) | डेपुटी गभर्नर (बैंक तथा वित्तीय संस्था नियमन विभाग हेर्ने), नेपाल राष्ट्र बैंक | - | संयोजक |
| (ख) | सह-सचिव, अर्थ मन्त्रालय | - | सदस्य |
| (ग) | सह-सचिव, राष्ट्रिय पुनर्निर्माण प्राधिकरण | - | सदस्य |
| (घ) | अध्यक्ष, नेपाल बैंकर्श एशोसियशन | - | सदस्य |
| (ङ) | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग | - | सदस्य सचिव |

(२) उपर्युक्त बमोजिम गठित समितिले सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने सम्बन्धी व्यवस्थाको प्रभावकारी रूपमा कार्यान्वयनका लागि आवश्यक समन्वय तथा अनुगमन गर्ने कार्य गर्नेछ ।

६. **गुनासो सम्बन्धी व्यवस्था:** (१) यस कार्यविधिको कार्यान्वयनका क्रममा बैंक वा वित्तीय संस्थाले कर्जा प्रवाह नगरेको, भूकम्पपीडितले सेवा सुविधा नपाएको, ऋणको सदुपयोग नभएको लगायतका गुनासो सुन्ने तथा सोका आधारमा आवश्यक काम कारवाही अगाडि बढाउने कार्य समेत दफा ५ बमोजिमको समन्वय तथा अनुगमन समितिले गर्नेछ ।

७. **बाधा अड्काउ फुकाउने अधिकार:** (१) यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा समन्वय तथा अनुगमन समितिले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

८. **संशोधन तथा हेरफेर:** (१) नेपाल सरकारले यस कार्यविधिमा आवश्यकताअनुसार संशोधन एवं हेरफेर गर्न सक्नेछ ।

नेपाल सरकार
# अर्थ मन्त्रालय
वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- वि.क्षे.व्य. २०७४/०७५
च. नं.:- ९३६

मितिः २०७४/०६/२५

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७४/०६/०४ को निर्णयानुसार भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ मा देहायबमोजिम संशोधन स्वीकृत भएकोले उक्त संशोधित कार्यविधि कार्यान्वनयका लागि पठाइएको व्यहोरा अनुरोध छ ।

(१) भूकम्प पीडितहरूको घर निर्माणका लागि सामुहिक जमानीमा निर्ब्याजी ऋण उपलब्ध गराउने कार्यविधि, २०७४ मा उल्लिखित **"सामुहिक जमानी"** भन्ने बाक्यांशको सट्टा **"सामुहिक जमानी वा धितो जमानी"** भन्ने बाक्यांश राख्ने ।

(२) कार्यविधिको बुँदा नं. ८ को संशोधन तथा हेरफेरमा उल्लिखित मूल बाक्यांश पछि "**तर कार्यविधिको मूलभावनामा प्रतिकूल प्रभाव नपर्ने गरी प्रकृयागत पक्षमा आवश्यकता अनुसार अर्थ मन्त्रालयले निर्णय गरी संशोधन तथा हेरफेर गर्न सक्नेछ ।**" भन्ने बाक्यांश राख्ने ।

... ... ... ... ...
(गणेशप्रसाद नेपाल)
उप-सचिव

<u>बोधार्थः</u>
श्री राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,
सिंहदरवार ।